नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राजस्व अनुसन्धान विभग

म.नि.- ५५२७८८५
उ.म.नि.- ५५५१८०२
कन्ट्रोल रुम- ५०१००८५
एक्सचेन्ज- ५०१०१०६
५५४२०२३
टोल फ्रि - १६६०-०१-५५०००

हरिहरभवन, पुल्चोक, ललितपुर

प.सं.: ०८१/८२
च.नं.

## प्रेस विज्ञप्ति

राजस्व अनुसन्धान विभागले राजस्व अनुसन्धान कार्यालय, बुटवलमार्फत राजस्व चुहावट सम्बन्धी कसूरमा अनुसन्धान तथा तहकिकात सम्पन्न गरी सुन्दर प्लाईउड सेन्टर (स्था.ले.नं. ६०५७११९४९) का प्रोप्राइटर आकाश अग्रहरी विरुद्ध श्री उच्च अदालत तुलसीपुर, बुटवल इजलासमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २०(६) बमोजिम मिति २०८२।०२।१४ गते मुद्दा दायर गरेको छ।

जिल्ला रुपन्देही, सिद्धार्थनगर नगरपालिका, वडा नं. ८, लुम्बिनी गेटस्थित सुन्दर प्लाईउड सेन्टर (स्था.ले.नं. ६०५७११९४९) का प्रोप्राइटर आकाश अग्रहरीले सञ्चालन गरेको पसल तथा गोदामको खानतलासी तथा मालवस्तुको भौतिक निरीक्षण गर्दा प्रतिवादीले राजस्व चुहावट गर्ने उद्देश्यले प्रस्तुत फर्मका नाममा मालवस्तु खरिद गरी मौज्दात किताबमा प्रविष्टि नगरेको, वीजक जारी नगरी मालवस्तु विक्री गरेको, मौज्दात विवरणभन्दा अधिक मालवस्तु फेला परेको र खरिद तथा भन्सार पैठारी गरेको कुनै प्रमाण नभएकोले उक्त कार्यवाट राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेध गरेको कार्य गरी दफा ४ को खण्ड (क), (ख), (छ) र (झ) बमोजिम कसूर गरेको पुष्टि हुन आएकाले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१) बमोजिम भन्सार चोरी पैठारी तर्फको अधिक मौज्दातको विगो रु.३,२५,८०७।-, मू. अ. करतर्फको अधिक मौज्दातको विगो रु.२,५२,२७८।-, मू. अ. करतर्फको न्यून मौज्दातको विगो रु.१५,६९,२३६।- र आयकरतर्फको विगो रु.३१,८०,३२५।- गरी जम्मा रु.५३,२७,६४६।- (अक्षरेपि त्रिपन्न लाख सत्ताइस हजार छ सय छयालीस रुपैयाँ मात्र) बिगो कायम गरी ऐ. ऐनको दफा २३(१) बमोजिम विगो असुल उपर गरी विगोको शतप्रतिशत रु.५३,२७,६४६।- (अक्षरेपि त्रिपन्न लाख सत्ताइस हजार छ सय छयालीस रुपैयाँ मात्र) समेत जरिवाना गरी कुल जम्मा रु.१,०६,५५,२९२।- (अक्षरेपी एक करोड छ लाख पचपन्न हजार दुई सय वयानब्वे मात्र) असुल उपर गर्न तथा ऐ. ऐनको दफा २३(१)(ख) बमोजिम सजायको मागदावी लिई ऐ. ऐनको दफा २०(६) वमोजिम सम्मानित उच्च अदालत तुलसीपुर, बुटवल इजलासमा मुद्दा दायर गरिएको छ।

मितिः २०८२ साल जेठ १४ गते, वुधवार।

२०८२/०२/१४
(कृष्ण कुमारी श्रेष्ठ)
प्रवक्ता/उपमहानिर्देशक

Scanned with CamScanner

फयाक्स : ५५४२०२३ ईमेल-info@dri.gov.np, website : www.dri.gov.np